# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

# टिकापूर नगरपालिका
# कैलाली




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७६।७७
च.नं. ५३८

मिति: २०७७/०३/२८

विषय: <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

श्री प्रमुखज्यू,
टिकापूर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
कैलाली ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७

च.नं ५३९ मिति: २०७७/३/२८

श्री नगरप्रमूखज्यू,
टीकापूर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, कैलाली ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले टिकापूर नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तियविवरण र त्यससँग सम्बन्धित अन्य बिबरणले स्थानीयतहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तियबिबरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रु.३ करोड ५ लाख १७ हजार बेरुजु कायम भएको छ । सो मध्ये असुल गर्नुपर्ने रु. २८ लाख ६६ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ५५ लाख ३४ हजार, प्रमाण कागजात पेश हुनुपर्ने रु. १ करोड १९ लाख ६८ हजार तथा पेश्की बाँकी रु. १ लाख ४९ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति **२०७६/११/१५** मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेश हुन नआएकोले प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तीम प्रतिवेदन पाना २१ यसै साथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीयविवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीयविवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमूख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

...........
(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

## टिकापूर नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचय एव उद्देश्य :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीयतहमा विधायिकी, कार्यकारणी र न्यायिक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन संकलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न प्रजातान्त्रिक प्रकृया, पारदर्शी व्यवहार, जनउत्तरदायी र जनताको सहभागितामा आधारित दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यका लागि स्थानीयतहको स्थापना भएको हो । नेपाल सरकार एवम स्थानीयतहमै उपलब्धहुने स्रोत साधनको अधिकतम प्रयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभपुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक कियाकलापहरु सञ्चालन गर्नु स्थानीयतहको मुख्य उद्देश्य रहेको छ ।

### आर्थिक बर्ष २०७५।०७६ को एकिकृत आयव्यय विवरण

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गतवर्षको जिम्मेवारी** | | १ | क) वित्तीय समानीकरण अनुदान (संघ) | १४५३५८०९२।०० |
| | क) बैंक | | | ख) सशर्त अनुदान | २००७१५३१३।०० |
| | अ) संचीत कोष | ५१०६५२६१।६६ | | ग) सामाजिक सुरक्षा | १०९३५००००।०० |
| | उ) धरौटी | ५७२३०९९।७७ | | घ) स्थानीयपूर्वाधार विकास साझेदारी | २५०२८५१३।०० |
| | ऊ) कर्मचारी कल्याण कोष बैंक | ९०६८५०२।०१ | | ङ) प्रधानमन्त्री रोजगार कार्यक्रम | ६९७४३६७।०० |
| | ए) कर्मचारी कल्याण कोष ऋण | ७२१७५००।९८ | | च) गरीब संग विशेश्वर | ३६९०००।०० |
| २ | **राजस्व (आन्तरिक आय)** | | | छ) प्रदेश तथा स्थानीय तह क्षमता विकास | १९१०००।०० |
| | क) आन्तरिक श्रोतको आम्दानी | ३८३६२२४४।९४ | | झ) तराई मधेस समृद्धि कार्यक्रम | ४८१६६१६।७७ |
| | ख) लागत सहभागिताप्राप्त | ३६३८९५।७७ | | ञ) सडक बोर्ड | ५२५८६९०।०० |
| | ग) अन्यविविधआय | २०१७७१७९७ | | ट) राजस्व बाँडफाँड (संघ) | ८९४०५६६७।१६ |
| | घ) विभाज्य कोष खाता | ४५९००००।०० | २ | **आन्तरिक श्रोत** | ४७८८०१८३।६६ |
| ३ | **वित्तीय हस्तान्तरण (संघ)** | | ३ | **प्रदेश सरकार** | |
| | क) वित्तीय समानीकरण अनुदान | १८७४०००००।०० | | क) वित्तीय समानीकरण अनुदान | ६४९४०२६।०० |
| | ख) सशर्त अनुदान | २१७४५१६००।०० | | ख) समपूरक अनुदान | |
| | ग) सामाजिक सुरक्षा | १०९३५००००।०० | | ग) विशेष अनुदान | ४२०००००।०० |
| | घ) स्थानीयपूर्वाधार विकास साझेदारी | २५८६००००।०० | | घ) राजस्व बाँडफाँड (प्रदेश) | १०१०९७८१।९३ |
| | ङ) प्रधानमन्त्री रोजगार कार्यक्रम | ७७४७५५१।०० | | ङ) अनुदान सामाजिक विकास मन्त्रालय ( अ.न.मी.तलव) | १४४०००।०० |
| | च) गरीब संग विशेश्वर | ५६८०००।०० | | च) अनुदान सामाजिक विकास मन्त्रालय | १३३२०००।०० |
| | छ) प्रदेश तथा स्थानीय तह क्षमता विकास | १९१०००।०० | | छ) अनुदान भेटेनरी अस्पताल, कञ्चनपुर | ४६६५८०।०० |
| | ज) तराई मधेस समृद्धि कार्यक्रम | ५००००००।०० | ४ | **अन्यविविध** | |
| | झ) राजस्व बाँडफाँड (संघ) | ९३८३१०१२।५३ | | **अ) जिल्ला दैवीप्रकोप (राहत)** | ३३००००००।०० |
| | ञ) मालपोतबाट प्राप्त (घरजग्गा | ३४७६८७९५।०० | ५ | धरौटी फिर्ता | ९२३३०३३।८४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | कर्मचारी कल्याण कोषको यस वर्षसम्मको ऋण लगानी | १६११५६८५।५२ |
| | क) वित्तीय समानीकरण अनुदान | ८५११०००।०० | ६ | निकासा फिर्ता (को ले नि का ) | १८५६८९४१।२३ |
| | ख) समपूरक अनुदान | | | गत आ.व.को सा.सु. कार्यक्रमको बैंकबाट फिर्ता रकम बेरुजु खातामा दाखिला | ६८९९१७०।०० |
| | ग) विशेष अनुदान | ४२०००००।०० | ७ | क) बैंक मौज्दात | |
| | घ) सामाजिक विकास मन्त्रालय ( अ.न.मी.तलव) | १७१६००।०० | | अ) संचीत कोष | ९७४८९११८।१८ |
| | ङ) अनुदान सामाजिकविकास मन्त्रालय ( | १३३२०००।०० | | आ) चालुखर्च खाता | ९९९६०४८।८४ |
| | च) अनुदान भेटेनरी अस्पताल, कञ्चनपुर | ४६६५८०।०० | | इ) पुँजीगत खर्च खाता | १७२१००८२।४१ |
| | छ) राजस्व  बाँडफाँड (प्रदेश) | ७२१९७०७।३१ | | ई) विभाज्य कोष खाता | ४५९००००।०० |
| ६ | **धरौटी आय** | ९४२१४६१।३४ | | ए) धरौटी | ५९११५२७।२७ |
| ७ | **अन्य विविधआय** | | | ऐ) कर्मचारी कल्याणकारी कोष मौज्दात | २५५४६६८।९६ |
| | क) गतआ.व.को सामाजिक सुरक्षा कार्यक्रमको बैंकबाट फिर्ता प्राप्त | ६८९९१७०।०० | ८ | **अन्यखर्च** | |
| | ख) सडक बोर्ड नेपालबाट प्राप्त | ५२५८६९०।०० | | क) सामाजिक सुरक्षा कार्यक्रम खर्च | २०३४००।०० |
| | ग) नेपाल पर्यटन बोर्डबाट प्राप्त | २५०००००।०० | | ख) नेपाल पर्यटन बोर्डबाट प्राप्त गत आ.व | ३५०००००।०० |
| | घ) जिल्ला प्रशासन कार्यालयबाट राहत | ३८२५०००।०० | | ग) बैंकबाट चेक कलेक्सन वापत संचीत कोषबाट कट्टी | २३५।०० |
| | ङ) कर्मचारी कल्याण कोष (यस वर्ष) | १४२७१४३।०० | | | |
| | च)कर्मचारी कल्याण कोष लगानीबाट प्राप्त व्याज | ९५७२०८।४९ | | | |
| | **जम्मा** | ८५०५१५७४१।७७ | | **जम्मा** | ८५०५१५७४१।७७ |

| सि.नं. | भौ.नं.र मिति | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|---|
| १. | | **बजेट स्वीकृति :-** स्थानीय सरकार सञ्चलन ऐन,२०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्यय -बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाको विनियोजन ऐन,२०७५ नगर सभाबाट मिति २०७५।२९ गते स्वीकृत भएको छ। नगर सभाबाट नीति तथा कार्यक्रम र बजेट ढिलो गरी पास भएको अवस्थामा नगरपालिकाले विकास निर्माणतर्फ समयमै खरिद व्यवस्थापन गरी कार्य सम्पन्न गर्न समय लाग्ने देखिन्छ। ऐनमा भएको व्यवस्था बमोजिम प्रत्येक वर्षको असार १० गते भित्र बजेट पास गर्ने व्यवस्था गर्नुपर्दछ। | |
| २. | | **अख्तियारी :-** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र नगरप्रमुखले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट अख्तियारी दिनुपर्ने व्यवस्था छ । नगरसभा तथा कार्यपालिकाले विनियोजित बजेट खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकिय अधिकृतलाई दिएको छैन । समयमै बजेट खर्च गर्ने अख्तियारी दिई प्रमुख प्रशासकिय अधिकृतलाई कार्य सम्पादनप्रति जिम्मेवार बनाउनु पर्दछ। | |
| ३. | | **योजना तर्जुमा र कार्यान्वयन :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानियस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन विकास योजनाहरुको सूचीतयार गर्नुपर्ने व्यवस्था गरेको छ। योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिनुपर्ने व्यवस्था ऐनले गरेको छ। नगरपालिकाले यो वर्ष उपरोक्त ऐनले गरेको व्यवस्था बमोजिमका विषयलाई प्राथमिकता दिई मध्यकालिन तथा दिर्घकालिन विकास योजनाहरुको छनौट गरेको छैन । नगरपालिकाले योजनाको छनौट गरी स्वीकृत गर्दा ऐनले व्यवस्था गरेको विषयलाई ध्यान दिई मध्यकालिन तथा दीर्घकालिन योजनाहरुको छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। | |
| ४. | | **श्रोतको अनुमान तथा बजेट सीमा :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ मा नगरपालिकाले आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्तहुने आय, नेपाल सरकार तथाप्रदेश सरकारबाट प्राप्तहुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथाअन्य प्रक्षेपण गर्ने, राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानिय आवश्यकतालाई मध्यनजर | |

| | | | |
|---|---|---|---|
| | | गरी प्रक्षेपित श्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने, विषय क्षेत्रगत बजेटको सीमानिर्धारण गर्ने व्यवस्था गरेको छ । नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणको आधार तय गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ । नगरपालिकाले यो वर्ष केन्द्र तथा प्रदेशबाट प्राप्तहुने राजस्व बाँडफाँड तथा वित्तीय हस्तान्तरण लगायत आन्तरिक श्रोत तर्फको बजेट तथा कार्यक्रम बनाउँदा बेग्लाबेग्लै श्रोतगत हिसाबमा बजेट तयार गरेको छैन । राजस्व बाँडफाँड, वित्तीय समानिकरण र आन्तरिक श्रोत सबै रकमलाई एउटै बास्केटमा राखि बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारण नगरी चालु तथा पूँजीगत प्रकृतिको विषयमा खर्च गरेको छ । नगरपालिकाले राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानिय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित श्रोत र साधनको सन्तुलित वितरणको खाकाको आधारमा बजेटको बाँडफाँड गर्नुपर्दछ । | |
| ५. | | **लेखाढाँचा :-** सार्वजनिक निकायले सार्वजनिक खर्चको लेखा राख्दा नयाँ स्वीकृत लेखा ढाँचा (NEPSAS) बमोजिम श्रेस्ता लेखा तयार गर्नुपर्दछ । नयाँलेखा ढाँचा आर्थिक वर्ष २०७५।७६ मा स्वीकृत भै लागु भैसकेको अवस्थामा नगरपालिकाले सो बमोजिम नयाँ लेखा ढाँचामा लेखा तयार गरेको छैन । | |
| | | **नियमितताको लेखापरीक्षणबाट देखिएको व्यहोराहरु देहायबमोजिम छन् :** | |
| ६. | | **आन्तरिक नियन्त्रण प्रणाली :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा स्थानीयतहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा कामको प्रकृतिअनुरुप जोखिम क्षेत्रको पहिचान गर्ने, नियन्त्रणको वातावरण, सूचनाको आदानप्रदान, अनुगमनतथा मूल्यांकन जस्ता विषयलाई समेटनु पर्ने व्यवस्था ऐनले गरेको छ । नगरपालिकाले ऐनले गरेको व्यवस्था बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको छैन । कामको प्रकृतिअनुरुप जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको वातावरण, सुचना आदानप्रदान तथा अनुगमन तथा मूल्यांकन जस्ता विषय समेटिने गरी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ७. | | **जिन्सीव्यस्थापन :-** सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयमा रहेको र कुनै श्रोतबाट प्राप्त जिन्सी मालसामानको अद्यावधिक विवरण तयार गरी राख्नु पर्दछ भन्ने व्यवस्था छ । नगरपालिकाले आफ्नो कार्यालयमा रहेका जिन्सी मालसामानको अद्यावधिक विवरण तयार गरी जिन्सी | |

<table>
<tr><td></td><td></td><td>निरिक्षण मूल्यांकन समितिले प्रतिवेदन पेश गरेको छैन । जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत गर्नुपर्ने सामान तिन महिना भित्र र लिलाम गर्नुपर्ने सामान छ महिना भित्र लिलाम गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८.</td><td></td><td>कल्याणकारी कोष २०७५।७६ को आय ब्यय विवरण
<table>
<tr><td>आय</td><td>रकम</td><td>ब्यय</td><td>रकम</td></tr>
<tr><td>गत बर्ष बैंक</td><td>९०६८५०२.०१</td><td>यस बर्ष सम्मको लगानी</td><td>१६११५६८५.५२</td></tr>
<tr><td>गत बर्ष सम्म लगानी</td><td>७२१७५००.९८</td><td>बैंक मौज्दात</td><td>२५५४६६८.९६</td></tr>
<tr><td>यस बर्ष प्राप्त</td><td>१४२७१४३.००</td><td>जम्मा</td><td>१८६७०३५४.४८</td></tr>
<tr><td>यस बर्ष प्राप्त ब्याज</td><td>९५७२०८.४९</td><td></td><td></td></tr>
<tr><td>जम्मा</td><td>१८६७०३५४.४८</td><td></td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>९.</td><td></td><td>कल्याणकारी कोष :- नगरपालिकाले यो वर्ष यस कल्याणकारी कोषवाट रु.१,६१,१५,६८५।५२- नगरपालिकामा कार्यरत कर्मचारीमा वार्षिक ६% व्याज प्राप्त गर्नेगरी लगानी गरेको छ । यस आर्थिक वर्षको अन्तमा कोषमा रु.२५,५४,६६८।९६- मौज्दात रहेको छ । नगरपालिकाले कोषको संचालन कार्यविधि २०७५ कार्यान्वयनमा ल्याएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धि कानुन वमोजिम अवकाश हुँदा प्राप्त गर्ने योग्दानमा आधारित उपदान वा निवृत्तिभरण, ओषधि उपचार लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकाश कोषको स्थापना गर्नुपर्ने छ भन्ने व्यवस्था रहेको छ । नगरपालिकाले संचालनमा ल्याएको टीकापुर नगरपालिकाको कर्मचारी कल्याणकोष संचालन कार्यविधि २०७५ को प्रस्तावनामा कर्मचारीहरुको अवकाश हुँदाका वखत कर्मचारीले पाउने उपदान, उपचार खर्च, संचित विदा आदीको खर्च भुक्तानी गर्न यो कार्यविधि कार्यान्वयनमा ल्याएको भनिएको छ । कार्यविधिको प्रस्तावनामा सो व्यहोरा उल्लेख भए पनि कार्यविधिको कुनै पनि परिच्छेदमा कर्मचारी अवकाश हुँदा के-कस्ता सुविधा प्राप्त हुने, कर्मचारीको तथा नगरपालिकाको योग्दान के हुने, योग्दानमा आधारित कोषको व्यवस्था कसरी गरिने आदि कुनै व्यहोरा उल्लेख गरिएको छैन । कर्मचारी अवकाश भएको वखत भुक्तानी गर्नुपर्ने दायित्वलाई सम्वोधन गर्ने गरी कार्यविधि वनाएको छैन । कोषमा रहेको ८७% रकम नगरपालिकाका कर्मचारी भित्र लगानी भएको छ । जसवाट भविष्यमा पर्ने दायित्वको सम्बन्धमा नगरपालिकाले ध्यान दिन सकेको छैन । योग्दानमा आधारित कोष नभएको र एकतर्फि नगरपालिकाले मात्र जम्मा गरी गठन भएको यस कोषको कार्यविधि परिमार्जन गरी स्थानीय सरकार संचालन ऐन २०७४ वमोजिम योगदानमा आधारित कोष खडा गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०.</td><td></td><td>कन्टीजेन्सी को अभिलेख नभएको :- नगरपालिकाले योजनागत विवरण देखिने गरी कन्टीजेन्सी को अभिलेख राखी खर्च गर्नुपर्दछ । नगरपालिकाले खर्चको वैङ्क नगदी किताव तथा आय व्यय विवरण तयार नगरी कन्टीजेन्सीको रकम खर्च गरेको छ ।</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| ११. | | **स्थानिय संचितकोषमा रकम दाखिला नगरेको** :- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७५ अनुसार एक आर्थिक बर्षमा खर्च हुन नसकी बाँकी रहेको चालु र पुँजिगत खातामा मौज्दात रहेको रकम आर्थिक बर्षको अन्तमा नगरपालिकाको संचित कोषमा जम्मा हुने उल्लेख छ । नगरपालिकाको निम्न खातामा रहेको अन्तिम मौज्दात स्थानीय संचित कोषमा जम्मा गरेको देखिएन । उक्त रकम संचित कोषमा ट्रान्सफर गर्नुपर्दछ ।<br>चालु कोष खाता: ९९९६०४८.८४<br>पुँजिगत खाता: १७२१००८२.४१ | |
| १२. | | **जिम्मेवारी घटि सारेको :-** कार्यालयले बैंक नगदी किताब र आय व्यय विवरणमा गत बर्षको मौज्दात रकम यस बर्ष जस्ताको त्यस्तै रकम जिम्मेवारी सारेको हुनु पर्दछ । कार्यालयले गत बर्षको संचितकोषमा रु ५,१०,९२,०७४।- रहेकोमा यस बर्ष रु ५,१०,६५,२६१।६६ सारेकोले रु २६,८१२।३४ घटि जिम्मेवारी सारेको देखिएकोले उक्त रकम आम्दानी देखाउनु पर्दछ । | २६८१२.३४ |
| १३. | | **चौमासिक प्रगति विवरण :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा स्थानीय तहले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालयले चौमासिक विवरण तोकिएको निकायमा पठाएको देखिएन । अतः कानुनको परिपालना हुनुपर्दछ । | |
| १४. | | **गुरुयोजना तथा वार्षिक योजना :-** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६ तथा नियमावली,२०६४ को नियम ८ मा सार्वजनिक निकायले कार्यालयको बजेट र कार्य प्रकृतिको आधारमा १० करोड भन्दा बढीको खरिदको हकमा गुरुयोजना र वार्षिक रुपमा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । नगरपालिकाले सो ऐन तथा नियमावली बमोजिम गुरुयोजना तथा वार्षिक खरिद योजना बनाएको छैन । | |
| १५. | | **योजना हस्तान्तरण : -** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष सञ्चालन गरी कार्य सम्पन्न गरेका योजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन । साथै योजना हस्तान्तरण सम्वन्धी व्यवस्था सम्झौतामै उल्लेख गरी उपभोक्ता समिति लाई अविछिन्न उत्तराधिकारी संस्थाको रुपमा दर्ता गर्ने व्यवस्था समेत गरेको छैन । | |
| १६. | | **कार्यक्रम खाता :-** कार्यालयले कार्यक्रम तथा स्वीकृत वजेट भित्र रही खर्च गर्न सहज होस भन्ने मनसायले तोकिएको ढाँचामा कार्यक्रम खाता राख्नुपर्दछ । वजेटलाई निश्चित दायरा तथा नियन्त्रण भित्र राख्न म.ले.प.फा.नं. ८ अर्थात वजेट सिट मासिक रुपमा | |

<table>
<tr><td></td><td></td><td>तयार गरी प्रमाणित गराई राख्नुपर्दछ । नगरपालिकाले विभिन्न श्रोतवाट भएको खर्च तोकिएको कार्यक्रममा मात्र खर्च भएको छ भन्ने विषयमा विश्वस्त हुनेगरी कार्यक्रम खाता राखेको छैन । वजेट सिट समेत तयार गरेको छैन । विभिन्न कार्यक्रम र स-साना निकायमा पटक-पटक खर्च गरिने भएकोले आर्थिक नियन्त्रण र आर्थिक अनुशासन कायम गर्न समेत सार्वजनिक निकायले कार्यक्रम खाता राख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td></td><td><u>नगरपालिका चालु</u></td><td></td></tr>
<tr><td>१७.</td><td></td><td>स्थानीय तहका पदाधिकारी सुविधा :- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ मा स्थानीयको आन्तरिक श्रोतको आधारमा मासिक पारिश्रमिक पाउने व्यवस्था गरेको छ । उक्त ऐनमा भएको व्यबस्था अनुसार टीकापुर नगरपालिकाले पदाधिकारीको पारिश्रमिकमा रु.६१,८०,०००।- खर्च गरेको छ ।
<table>
<tr><td>सि.नं</td><td>पदाधिकारीको नाम</td><td>संख्या</td><td>मासिकतलब</td><td>महिना</td><td>बार्षिक जम्मा</td></tr>
<tr><td>१.</td><td>मेयर</td><td>१</td><td>३५०००.००</td><td>१२</td><td>४२००००.००</td></tr>
<tr><td>२.</td><td>उपमेयर</td><td>१</td><td>३००००.००</td><td>१२</td><td>३६००००.००</td></tr>
<tr><td>३.</td><td>वडा अध्यक्ष</td><td>९</td><td>२२०००.००</td><td>१२</td><td>२३७६०००.००</td></tr>
<tr><td>४.</td><td>कार्यपालिका सदस्य</td><td>८</td><td>९०००.००</td><td>१२</td><td>८६४०००.००</td></tr>
<tr><td>५.</td><td>वडा सदस्य</td><td>३०</td><td>६०००.००</td><td>१२</td><td>२१६००००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>६१८००००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१८.</td><td></td><td>पदाधिकारी बैठक भत्ता :- सुदुर पश्चिम प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ मा स्थानीय तहको आन्तरिक श्रोत समेतको आधारमा मासिक पारिश्रमिक सुविधा पाउने व्यवस्था छ । मासिक पारिश्रमिक, यातायात सुविधा, पत्रपत्रिका तथा संचार वाहेक अन्य सुविधाको ऐनले व्यवस्था गरेको छैन । ऐनको दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा वाहेक लिन पाउने छैनन भन्ने व्यहोरा उल्लेख छ । नगरपालिकाले पदाधिकारीको वैठक भत्ता स्वरुप रु.५१,४२,४४०।- खर्च गरेको छ । वैठक भत्ताको सम्बन्धमा ऐनले किटानी साथ सुविधा नपाउने व्यहोरा उल्लेख गरेको कारण सो वैठक भत्ता वापतको खर्च नियमित गर्नुपर्दछ ।<br><br>नगरपालिकाले नगरपालिका कार्यालयको रु.२३,३१,९१३।-, वडा कार्यालयको रु.१२,५०,०००।- अनुगमन मूल्याङ्कन वापत वैठक भत्ता रु.१०,००,०००।- र मूल्याङ्कन समितिको रु.५,६०,५२७।- गरी जम्मा रु.५१,४२,४४०।- रहेको छ ।</td><td>५१४२४४०.००.</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| १९. | | **पेश्की बांकी :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई लिएको पेश्की फछ्र्यौट गर्नु गराउनु पेस्की लिने दिने दुबै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले सुन्धारा ताल फिल्मस काठमाण्डौ लाई रु १,४९,१६०।- पेश्की उपलध गराएकोमा २०७६ आषाढ मसान्त सम्म पेश्की बांकी देखाएकोले नियमानुसार समयमानै पेश्की फछ्र्यौट हुनु पर्दछ । | १४९१६०.०० |
| २० . | | **भुक्तानी दिन वाँकीको विवरण नभएको :-** टिकापुर नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न वनेको ऐन, २०७५ नियम (६) २ (१) मा आर्थिक वर्षको अन्तिम दिनमा ऋण दायित्वको भुक्तानी र हिसाव मिलान वाहेकको अन्य भुक्तानी सम्बन्धी काम हुने छैन भन्ने व्यवस्था रहेको छ । नगरपालिकाले नगर प्रहरीहरुलाई आ.व. २०७४।७५ मा १४ दिनको ७ जना नगर प्रहरीहरुको तलव भत्ता वापत रु.४९,९३३।- भुक्तानी दिएकोमा गत वर्षको भुक्तानी दिन वाकीको विवरण विना दिएकोले उक्त रकम कानुन अनुसार दिनुपर्दछ । | ४९९९३.०० |
| २१. | २८/०७६/६/४ | **वैठक भत्ता :-** नगरपालिका भित्र विभिन्न शाखा/उपशाखामा रहेको शाखा हरुमा मुल्याकंन समिति,ठेक्का हरुको सिलवन्दी जस्ता वैठक वसी कर्मचारीहरुले वैठक भत्ता रकम वुझेको पाइयो । कार्यालय भन्दा वाहिरको कुनै पनि पदाधिकारीहरुको उपस्थिती नभएको अवस्थामा र एउटै काममा ७/७ पटक वैठक वसी प्रति वैठक खर्च लेख्नुलाई आर्थिक अनुशासन पालना भएको भन्न सकिने स्थिति नरहेको आर्थिक अनुशासनको पालना गरी खर्च लेख्नुपर्दछ । | १८०१०००.०० |
| २२. | | **पारिश्रमिक कर :-** आयकर ऐन २०५८ को दफा ८८ मा पारिश्रमिक भुक्तानीमा पारिश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । ग्रामिण विकास प्रशिक्षण केन्द्र दिपायल, डोटीलाई कार्यविधि तथा व्यवस्थापन विषयमा कर्मचारीहरुलाई मिति २०७५।६।१९ देखि २०७५।६।३० सम्म तालिम संचालनमा नगरपालिका वाट रु.६,०९,०००।- खर्च भएकोमा उक्त तालिममा प्रशिक्षक वापत कट्टा गरेको रु.६२,१४५।- राजश्व दाखिला गरेको नपाईएकोले उक्त रकम असूल गरी दाखिला गर्नुपर्दछ । | ६२१४५.०० |
| २३. | ४१८/०७६/२/१ | **वोडिङ्ग पास नभएको :-** टिकापुर नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न वनेको ऐन, २०७५ को सि.नं. १२ (१) मा जिम्मेवार व्यक्तिले प्रत्येक कारोवार स्पष्ट देखिने गरी प्रचलित कानुनले तोके वमोजिम रित पुऱ्याई लेखा तयार गराई राख्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले उद्योग वाणिज्य संघलाई टिकापुर महोत्सव संचालन गर्न दिएको अनुदान रु.१२,००,०००।- मा उद्योग वाणिज्य संघले पेश गरेको फाँटवारीमा निम्नानुसारका व्यक्तिहरुको हवाईजहाज भाडा भुक्तानी दिएकोमा टिकट पेश भएको तर वोडिङ्ग पास नभएकोले वोडिङ्ग पास पेश गर्ने अन्यथा | ८०५००.०० |

<table>
<tr><td></td><td></td><td>असूल गर्नुपर्दछ ।<br><table>
<tr><td>सि.नं.</td><td>नाम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>दुर्गा वहादुर थापा</td><td>४०००.००</td></tr>
<tr><td>२</td><td>किरण भट्टराई</td><td>९९००.००</td></tr>
<tr><td>३</td><td>जेन्स वि.सि.</td><td>४०००.००</td></tr>
<tr><td>४</td><td>विकास सुवेदी</td><td>८५००.००</td></tr>
<tr><td>५</td><td>पूर्ण विक्रम शाह</td><td>८५००.००</td></tr>
<tr><td>६</td><td>राजिव कुमार कर्ण</td><td>८५००.००</td></tr>
<tr><td>७</td><td>रन्जित शेर्पा</td><td>८५००.००</td></tr>
<tr><td>८</td><td>सावित्री आले</td><td>४०००.००</td></tr>
<tr><td>९</td><td>नविन पौडेल</td><td>४५००.००</td></tr>
<tr><td>१०</td><td>अनिता चलाउने</td><td>१०५००.००</td></tr>
<tr><td>११</td><td>चक्र वम</td><td>५६००.००</td></tr>
<tr><td>१२</td><td>मन्जु पौडेल</td><td>४०००.००</td></tr>
<tr><td></td><td></td><td>८०५००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२४.</td><td>५४६/०७६/३/२९</td><td>विवरण नखुलेको :- टिकापुर नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न वनेको ऐन, २०७५ को सि.नं. १२ (१) मा जिम्मेवार व्यक्तिले प्रत्येक कारोवार स्पष्ट देखिने गरी प्रचलित कानुनले तोके वमोजिम रित पुऱ्याई लेखा तयार गराई राख्नुपर्ने व्यवस्था गरेको छ । कार्यालय सहयोगी निर्मला कडायतलाई कार्यालयको सामान मर्मत गरेको भनी रु.१,२६,०७९।- भुक्तानी दिएकोमा के के मालसामान मर्मत गरिएको हो सो नखुलाई भुक्तानी दिएकोले उक्त रकमलाई नियमित गर्नुपर्दछ ।</td><td>१२६०७९.००</td></tr>
<tr><td>२५.</td><td></td><td>धरौटी कट्टा नगरेको :- सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत खरीद योजना अनुसार सिलवन्दी दरभाउपत्रको आधारमा मालसामान खरीद गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ । नगरपालिकाले यस वर्ष स्टेशनरी तथा मालसामान सम्वन्धि सामान आपूर्ति गर्दा आपूर्तिकर्ता एस. के. इन्टरप्राइजेज धनगढी कैलाली संग मू.अ.कर वाहेक रु.११,९६,७५०।- मा सम्झौता गरी रु.१३,५२,३२७।- मू.अ.कर सहित भुक्तानी भएको छ । सम्झौताको सि.नं. ३ मा सामान आपूर्ति पछि भुक्तानी गर्दा नियमानुसार लाग्ने धरौटी कट्टा गरी भुक्तानी दिईनेछ भनि सम्झौता गरेको अवस्थामा सोही नियमावलीको नियम १२३ को दफा (</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | ४) मा सार्वजनिक निकायले धरौटी वापत विजकमा उल्लेखित रकमको ५% ले रकम कट्टा गरि राख्नुपर्ने व्यवस्था भएकोले नियमको पालना गर्नुपर्दछ। | ५९८३७.०० |
| २६. | ४७१-२०७६।३।११<br>५४१-२०७६।३।२९<br>५५६-२०७६।३।३१ | **अनुगमन वैठक भत्ता :-** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन ,२०७५ को दफा १२ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐन ले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा लिन पाउने छैनन भन्ने व्यवस्था रहेको छ। यस ऐनको विपरित नगरपालिकाले अनुगमन तथा सुपरिवेक्षण कार्यविधि २०७५ को सि.न. १० (२) मा योजनाहरुको अनुगमनमा जादा अनुगमनका पदाधिकारी एंव आमन्त्रित कर्मचारी वा विशेपज्ञ लाई अनुगमन भत्ता उपलव्ध गराउने व्यवस्था गरि कार्यपालिकाको मिति २०७५।६।२,३ मा वसेको वैठकले अनुगमनमा जादा प्रत्येक योजनाको रु १,५००।- का दरले अनुगमन भत्ता उपलव्ध गराउने भनि निर्णय गरेकोले सो ऐन विपरित गरिएको निर्णय वाट रु.१३,५७,८७५।- पदाधिकारी तथा कर्मचारी हरुलाई विभिन्न मितिमा गरिएको अनुगमन भत्ता खर्चलाई नियमित गर्नुपर्दछ। | १३५७८७५.०० |

| भौ.न.मिति | सि.न. | | अनुगमन गर्ने पदाधिकारी तथा कर्मचारी | अनुगमन गरेको मिति | अनुगमन गरेको संख्या | दर | कर कट्टा गरि भुक्तानी लिएको रकम |
|---|---|---|---|---|---|---|---|
| ४७१-२०७६.३.११<br>५४१-२०७६.३.२९<br>५५६-२०७६.३.३१ | १ | उप प्रमुख (सयोजक) | केशरी विष्ट रावल | २०७५।१२।२७ देखि २०७५।२।३२ | १३५ | १५००.०० | १७२१२५.०० |
| | २ | प्रमुख .प्रशासकीय अधिकृत | टोपेन्द्र वहादुर के.सी | | १३५ | १५००.०० | १७२१२५.०० |
| | ३ | सदस्य कार्यपालिका | अक्कल वहादुर माझी | | १३४ | १५००.०० | १७०८५०.०० |
| | ४ | सदस्य कार्यपालिका | उपमा के.सी . | | १२६ | १५००.०० | १६०६५०.०० |
| | ५ | ना.सु | नारदानन्द उपाध्याय | मिति २०७६।३।१ देखि २०७६।३।२५ | १३२ | १५००.०० | १६८३००.०० |
| | ६ | लेखा अधिकृत | लक्ष्मी ओड | | ७१ | १५००.०० | ९०५२५.०० |
| | ७ | इन्जिनियर | नवराज जोशी | | ९ | १५००.०० | ११४७५.०० |
| | ८ | इन्जिनियर | नवीन ओझा | | १५ | १५००.०० | १९१२५.०० |
| | ९ | लेखापाल | नन्द वहादुर के.सी | मिति २०७६।३।२५ देखि २०७६ | ४८ | १५००.०० | ६१२००.०० |
| | १० | ना.सु | झपीराज ओझा | | ६ | १५००.०० | ७६५०.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | खरिदार | यमनारायण उपाध्याय | ।३।२९ सम्म | १३४ | १५००.०० | १७०८५०.०० |
| १२ | प्राविधिक सहायक | मीन वहादुर थापा | | १४ | १५००.०० | १७८५०.०० |
| १३ | प्राविधिक सहायक | धर्मेन्द्र चौधरी | | १९ | १५००.०० | २४२२५.०० |
| १४ | प्राविधिक सहायक | खगेन्द्र साउद | | १८ | १५००.०० | २२९५०.०० |
| १५ | प्राविधिक सहायक | गम्भिर सिह साउद | | ३३ | १५००.०० | ४२०७५.०० |
| १६ | प्राविधिक सहायक | वृख वहादुर वि.क. | | ८ | १५००.०० | १०२००.०० |
| १७ | प्राविधिक सहायक | भेषराज रेग्मी | | ६ | १५००.०० | ७६५०.०० |
| १८ | सु प अधिकृत | चित्रराज उपाध्याय | | ६ | १५००. | ७६५०. |
| १९ | प्राविधक सहायक | दिनेश वोगटी | | १० | १५००.०० | १२७५०.०० |
| २० | प्राविधक सहायक | विपिन चौधरी | | १ | १५००.०० | १२७५.०० |
| २१ | प्राविधक सहायक | लक्ष्मी कुमारी चौधरी | | ५ | १५००.०० | ६३७५.०० |
| | | | | | जम्मा | **१३५७८७५** |

**<u>नगरपालिका पुजिगतः</u>**

२७. **टीकापुर पार्क गेट निर्माण :-** सार्वजनिक खरीद ऐन २०६३ को दफा ९ मा सम्भव भएसम्म वढी भन्दा वढी प्रतिस्पर्धा गराई ठेक्का व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । एउटै ठेक्का वाट गर्न सकिने अवस्थामा प्याकेजमा एउटै ठेक्का व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले टीकापुर पार्क गेट निर्माण कार्यको लागि न्यू समिप निर्माण सेवा संग रु.५२,०८,२८६।- (मू.अ.कर वाहेक) मा कार्य सम्पन्न गर्नेगरी मिति २०७५।५।१३ मा सम्झौता गरी कार्य लगाएको छ । लागत अनुमानको ३९% घटी अंक कवोल गरी कार्य प्रारम्भ गरेको यस कार्यको आ.व. २०७५।७६ मा प्रथम रनिङ्ग विलवाट रु.२१,३६,०५१।- मात्र भुक्तानी भएको छ । सो गेट निर्माण कार्य गर्नुभन्दा अगावै सो को विस्तृत परियोजना प्रतिवेदन DPR प्राप्त गरी सो प्रतिवेदनको विश्लेषण पश्चात कार्यपालिका वा नगर सभाको निर्णयवाट कार्य गराउनु पर्नेमा DPR प्राप्त नहुदै निर्माण कार्यको सम्झौता गरी प्रथम रनिङ्ग विलको भुक्तानी गरेको छ । सो को DPR प्रतिवेदन मिति २०७६।१।२० मा मात्र प्राप्त भएको छ । DPR प्रतिवेदन प्राप्त नहुदै निर्माण कार्य प्रारम्भ भएवाट DPR मा भएको रु.१६,०६,०१२।- खर्चको

| | | | |
|---|---|---|---|
| | | औचित्य पुष्टि हुन सक्ने अवस्था छैन । निर्माण कार्यको सम्झौता भए पश्चात निर्माण कार्यमा प्रयोग हुने श्रमिक, सामान र मेशिन इक्वीपमेन्टको वीमा गर्नुपर्नेमा नगरपालिकाले वनाएको लागत अनुमानमानै सो कार्य समावेश नभएकोले सो निर्माण कार्यमा विमा नगराई कार्य गराएको छ । शुरु ठेक्का अवधि ८ महिना रहेको सो ठेक्कामा पटक पटक गरी ११ महिना म्याद थप भएकोमा के कारण वाट निर्माण कार्यमा ढिलाई भएको हो सो को कारण सार्वजनिक खरीद नियमावली वमोजिम खुलाई म्याद थप गरेको छैन । सोही क्षेत्र टीकापुर पार्कको टीकापुर पार्क गेट कम्पाउण्ड वाल निर्माण कार्यमा नगरपालिकाले रु.१८,०६,१४६।- को लागत अनुमान तयार गरी कार्यपालिकाको निर्णयवाट सिलवन्दी दरभाउपत्रको माध्यमवाट वि.एण्ड.पि. कन्सट्रक्सन संग रु.१७,८५,८३०।- (मू.अ.कर समेत) मा कार्य सम्पन्न गर्ने गरी मिति २०७६।२।२१ मा सम्झौता गरेको छ । मिति २०७५।५।१३ मा सम्झौता गरेको गेट निर्माण कार्यको पटक पटक म्याद थप गर्दा समेत लेखापरीक्षणको अवधिसम्म निर्माण कार्य सम्पन्न भएको छैन । सिलवन्दी दरभाउपत्रवाट कार्य गराएको कम्पाउण्ड वालको कार्य मिति २०७६।२।२१ मा सम्झौता गरी हाल कार्य सम्पन्न भएको छ । सार्वजनिक खरीद नियमावली वमोजिम एउटै निर्माण कार्यवाट गर्न सकिने अवस्थामा एउटै लागत अनुमान तयार गरी निर्माण कार्य गरेको अवस्थामा सो कम्पाउण्ड वाल निर्माणमा समेत ३९% घटीमा निर्माण सम्पन्न गर्न सकिने अवसर नगरपालिकाले गुमाएको छ । सो कार्य वोलपत्र भित्र पारी वढी भन्दा वढी प्रतिस्पर्धाको माध्यमवाट गराएको अवस्थामा कार्यालयलाई रु.७,०४,३९७- वचत हुने देखिन्छ । | |
| २८. | | **गौरवको आयोजना :-** नगरपालिकाले नगर सभाको निर्णयवाट चक्रपथको विस्तृत परियोजना प्रतिवेदन DPR तथा ट्र्याक खोल्ने कार्य, टीकापुर पार्कमा गेट निर्माण र मशान घाटको DPR तथा निर्माण लाई गौरवको आयोजना भित्र समेटेको छ । गौरवको आयोजना मध्ये यस आर्थिक वर्षमा टीकापुर पार्क गेट निर्माण कार्य वाहेक अन्य कार्यहरु प्रारम्भ भएको छैन । गौरवको आयोजनालाई प्राथमिकताको आधारमा कार्य सम्पन्न गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ । | |
| २९. | ११३-०७६।१।३० | **एम्वुलेन्स खरीद :-** नगरपालिकाले यो वर्ष रु.१०,५०,०००।- मा एम्वुलेन्स खरीद गरेको छ । खरीद गरेको एम्वुलेन्स नगरपालिकाले नेपाल रेडक्रस सोसाईटीलाई संचालनको लागि दिएको छ । नगरपालिकाले आफ्नो वजेट वाट खरीद गरेको एम्वुलेन्स स्वयं नगरपालिकाले संचालन गरेको अवस्थामा सो वाट हुने आम्दानी नगरपालिकाको हुने र नगरपालिकाले आफ्नो निर्णयवाट जनताको सेवामा संचालन गर्न सक्ने अवसर गुमाउन हुदैन । एम्वुलेन्सको संचालन व्यवस्थित रुपमा गरेको अवस्थामा वलियो आम्दानीको श्रोत हुने देखिन्छ । | |
| ३०. | | **रकमान्तरको श्रोत नखुलेको :-** कार्यपालिकाको मिति २०७६।९।२१ गतेको निर्णयले विभिन्न केन्द्र चालु तर्फको शिर्षकमा रु.१६,१६,१११।- रकमान्तर गरेको छ । टीकापुर महोत्सव, डल्फिन महोत्सव, देवी भागवत जस्ता कार्यक्रममा रकमान्तर गरेको रकम | |

| | | | |
|---|---|---|---|
| | | कुन शिर्षकवाट रकमान्तर भएको हो खुलाएको छैन । रकमान्तर गर्दा कार्यविधिले गरेको व्यवस्था वमोजिम रकमान्तर गर्नुपर्दछ । | |
| ३१. | | **कार्य सम्पन्न नभएको :-** नगरपालिकाले सूर्यपुरवाट वटनपुर जाने वाटो कालोपत्रे तथा नाली निर्माण कार्यमा रु.८९,००,०००।- को लागत अनुमान तयार गरी भण्डारी ब्रदर्श कन्सट्रकसन संग रु.४२,९२,३९४।- (मू.अ.कर समेत) मा कार्यसम्पन्न गर्नेगरी मिति २०७५।११।२१ गते सम्झौता गरेको छ । निर्माण व्यवसायीले कवोल अंकमा ४९% छुट दिई कार्य गर्न मन्जुरी गरी प्रथम विल स्वरुप रु.१०,३४,३३३।- भुक्तानी गरेको छ । सोही वाटोमा नगरपालिकाले रु.११,१७,६४७- को लागत अनुमान तयार गरी ग्याविन जालीको कार्य उपभोक्ता समितिवाट गराएको छ । सो वाटोमा ठेक्का वाट भएको कार्यमा लागत अनुमानको तुलनामा ४९% प्रतिशत छुट भएको अवस्थामा उपभोक्तावाट गराएको कार्य ठेक्कामा नपारेको कारण रु.५,४७,६४७।- मा सकिने अवस्थामा उपभोक्ता समिति मार्फत गराउदा नगरपालिकालाई रु.५,६९,९९९।- वढी व्ययभार परेको छ । ठेक्कावाट गराएको कार्यमा Provisional sum को आइटम नराखेको कारण सार्वजनिक खरीद ऐन तथा नियमावली वमोजिम अनिवार्य गर्नुपर्नेमा विमा तथा ल्याव टेस्ट को कार्य भएको देखिएन । आर्थिक वर्षको अन्तसम्म सम्पन्न गर्नुपर्ने योजना हालसम्म सम्पन्न भएको छैन । | |
| ३२. | | **करार नियुक्त :-** नगरपालिकाले ४ जना असिस्टेन्ट सव इन्जीनियर करारमा नियुक्त गरी नगरपालिका पूँजीगत तर्फवाट रु.४,०१,२००।- खर्च लेखेको छ । नगरपालिकाले कर्मचारी दरवन्दीको O and M नगरी दरवन्दी नभएको अवस्थामा कर्मचारी नियुक्त गरी रकम भुक्तानी गरेको छ । नगरपालिकाको कर्मचारी दरवन्दीको O and M गरेर मात्र आवश्यकता र दरवन्दीको आधारमा कर्मचारी नियुक्ती गर्नुपर्दछ । | |
| ३३. | | **एउटै वाटोमा तिन निर्माण व्यवसायी :-** सार्वजनिक खरीद ऐन २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै पनि खरीद वा निर्माण कार्य गर्दा सम्भव भएसम्म खुल्ला रुपमा वोलपत्र आह्वान गरी गर्नुपर्ने र योग्य वोलपत्रदातालाई त्यस्तो खरीद प्रक्रियामा सहभागी हुन विना भेदभाव समान अवसर प्रदान गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ । नगरपालिकाले हुलाकी राजमार्ग सूर्यपुर सडक वडा नं. ८ को सडक कालोपत्रे गर्ने कार्यमा ३ वटा निर्माण व्यवसायीवाट कार्य गराएको छ । एउटै लागत अनुमान तयार गरी कार्य गराउन सकिने/नसकिने सम्वन्धमा केही खुलाएको छैन । एउटै वाटो र एउटै गुणस्तरको कार्य गराउदा एउटै लागत अनुमान तयार गरी कार्य गराउदा र वढी प्रतिस्पर्धाको माध्यमवाट निर्माण कार्य गराउदा कार्यालयले कम लागतमा वढी कार्य गराउन सक्ने सम्भावना रहन्छ । ठेक्का नं. ६-०७५।७६ मा लागत अनुमानको तुलनामा ४९% घटीमा कार्य गराएको छ भने ठेक्का नं. ४५-०७५।७६ र ठेक्का नं. ७३-०७५।७६ (सिलवन्दी दरभाउपत्र) मा लागत अनुमानको तुलनामा क्रमशः ९९% तथा ८४% घटीमा कार्य गराएको छ । एउटै वाटोमा निर्माण कार्य गराउदा कुन निर्माण व्यवसायीले कुन चेनेज नं. देखि कहा सम्म कार्य गराएको स्पष्ट विवरण | |

| | | | |
|---|---|---|---|
| | | नखुलाई कार्य गराएको छ । ठेक्का नं. ६-०७५।७६ जुन लागत अनुमानको ४९% घटीमा कार्य गर्नेगरी मिति २०७५।११।२१ मा भएको सम्झौता सो ठेक्काको कार्यसम्पन्न भएको छैन भने ठेक्का नं. ४५-०७५।७६ र ठेक्का नं. ७३-०७५।७६ को सम्झौता क्रमशः ०७६।१।३० र ०७६।३।१ मा सम्झौता भएको २ ठेक्का आर्थिक वर्ष भित्रै छोटो समयमा कार्यसम्पन्न भएको छ । कार्यालयले समेत सम्झौता अवधि भित्र कार्य सम्पन्न गर्ने तर्फ पहल गरेको समेत देखिएन । एउटै ठेक्का प्रक्रियावाट निर्माण कार्य गराएको अवस्थामा कार्यालयलाई रु.२४,५०,०००।- वचत हुने अवस्था सिर्जना नगरेको कारण वढी व्ययभार परेको छ । | |
| ३४. | | **पावर ट्रेलर मेशिन खरीद :-** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ३१ मा सार्वजनिक निकायले वीस लाख रुपैयाँ भन्दा वढी लागत अनुमान भएको खरीदको कार्य वोलपत्रको माध्यमवाट गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले Matching fund कार्यक्रम अन्तर्गत कृषकको समेत सहभागितामा रु.३७,०५,०००।- को पावर ट्रेलर मेशिन खरीद गरी वितरण गरेको छ । किसानको अंश समेत समावेश गरी सार्वजनिक खरीद ऐन वमोजिम वोलपत्रको माध्यमवाट कार्य गराउनुपर्नेमा कार्यालयले व्यहोर्ने अंश को मा लागत अनुमान वनाई सिलवन्दी दरभाउपत्रको आधारमा खरीद गरेको छ । खरीद गरिएको पावर ट्रेलर मेशिनको १९ थान टुक्रे विल प्रयोग गरेको छ । कार्यालयले व्यहोर्ने ५०% अंश वाट रु.१८,५२,५००।- व्यहोरेको छ । ठेक्का वाट गराएको कार्यमा स्वीकृत ढाँचाको कर विजक नभएको, पावर ट्रेलर मेशिन दाखिला नभएको तथा वितरण भर्पाई समेत पेश गर्नुपर्दछ । | १८५२५००.०० |
| ३५. | १८६-०७६।३।२८ | **सक्सन मेशिन खरीद :-** नगरपालिकाले यो वर्ष एक सक्सन मेशिन खरीद गरी रु.२६,००,०००।- भुक्तानी गरेको छ । तुलनात्मक चार्टमा २ आपूर्तिकर्ता मध्ये सम्भव इन्टरप्राइजेज प्रा.लि. ले मू.अ. कर सहित रु.२४,३०,०००।- कवोल गरेको र म्याप इन्टरपिनियर्स प्रा.लि. काठमाडौले रु. २६,००,०००।- कवोल गरेको देखिन्छ । मूल्याङ्कन समिति तथा प्राविधिक मूल्याङ्कनमा कुनै विशेष कारण र कुन आइटममा specification comply हुन सकेन सो को व्यहोरा नखुलाई रु.१,७०,०००।- घटी वालाको वोलपत्र स्वीकृत नगरी नगरपालिकाले वढीवालाको वोलपत्र स्वीकृत गरी कार्यालयलाई वढी व्यवभार पारेको छ । | १७००००.०० |
| ३६. | | **वैठक भत्ता :-** नगरपालिकाले नगरपालिका पूजीगत शिर्षकवाट आर्थिक वर्षको अन्तमा रु.४,७१,३००।- कन्टीजेन्सी स्वरुप मूल्याङ्कन समितिको वैठक भत्ता स्वरुप खर्च लेखेको छ । प्राविधिक कार्य सम्पादनको लागि प्राविधिक शाखा गठन भएको, मूल्याङ्कन समितिमा निश्चित पदाधिकारी मात्र नभई ठूलो संख्यामा कर्मचारी रहेको, कार्यालयको कर्मचारी मात्र रहेको अवस्थामा आ.व. को अन्तमा एकैचोटी खर्च लेखेको छ । काम विशेष अवस्थामा नगर सभा तथा कार्यपालिकावाट निश्चित अवधिको लागि कार्य सम्पादन सूचक तथा खर्चको आधार समावेश गरी खर्च गर्नुपर्नेमा कुनै आधार वेगर खर्च लेखेकोले उक्त खर्चलाई नियमित गर्नुपर्दछ । | ४७१३००.०० |

<table>
<tr><td></td><td></td><td>कन्टीजेन्सीको रकम खर्च गर्दा जुन योजनावाट छुट्याएको रकम हो सोही योजनाको कार्यसंग सम्वन्धित खर्चमा मात्र गर्न सकिनेमा एकमुष्ट खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td></td><td></td><td><u>शसर्त (चालु तथा पूजीगत)</u></td><td></td></tr>
<tr><td>३७.</td><td>१७२।०७६।३।२३</td><td>अग्रिम कर घटि कट्टी :- आय कर ऐन २०५८ को दफा ८७ मा पारीश्रमिक आयमा लाग्ने कर अग्रिम कट्टी गरी भुक्तानी गर्नुपर्ने ब्यबस्था छ । कार्यालयले देहायका स्वास्थ्यकर्मिको भत्ता भुक्तानीमा घटि कर कट्टी गरेको देखिएकोले नपुग रकम असुल गरी दाखिला गर्नुपर्दछ ।
<table>
<tr><th>बिरण</th><th>भुक्तानी रकम</th><th>लाग्ने कर १५%</th><th>कट्टी कर रकम</th><th>नपुग रकम</th></tr>
<tr><td>सि.अ हे.व. अधिकृत श्री शकुन्तला रोकाया</td><td>५४७५०.००</td><td>८२१२.००</td><td>५४७</td><td>७६६५.००</td></tr>
<tr><td>हे .अ. श्री हिमाल सारुमगर</td><td>५४७५०.००</td><td>८२१२.००</td><td>५४७</td><td>७६६५.००</td></tr>
<tr><td>अ.न.मी श्री यमुना साउद</td><td>२११५०.००</td><td>३१७२.००</td><td>२११.००</td><td>२९६१.००</td></tr>
<tr><td>अ.न.मी श्री लालदेबी चोधारी</td><td>१३२००.००</td><td>१९८०.००</td><td>१३२.००</td><td>१८४८.००</td></tr>
<tr><td>अ.न.मी श्री आशा चौधरी</td><td>२०४००.००</td><td>३०६०.००</td><td>२०४</td><td>२८५६.००</td></tr>
<tr><td>अ.हे व. श्री सुेश कम्भी</td><td>९०००.००</td><td>१३५०.००</td><td>९०</td><td>१२६०.००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>२४२५५.००</td></tr>
</table></td><td>२४२५५.००</td></tr>
<tr><td>३८.</td><td></td><td>मूल्य अभिवृद्धि कर :- संघीय सरकार/नेपाल सरकारको आर्थिक विद्येयक,२०७६ बमोजिम मिति २०७६ जेठ १५ गते पश्चात निर्माण व्यवसायी/सप्लायर्सलाई भुक्तानी हुने मूल्य अभिवृद्धि करको ५० प्रतिशत मू.अ.कर भुक्तानी भएको समयमा नेपाल सरकारको मूल्यअभिवृद्धि कर कोष खातामा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले देहायबमोजिमको कार्यमा रु.९,६५,५२४।- बराबर मूल्य अभिवृद्धि कर भुक्तानी भएकोमा उपर्युक्त ऐन बमोजिम कट्टा गरी जम्मा नगरेकोले भुक्तानी भएको मू.अ.कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा जम्मा गरेको प्रमाण पेश गर्नुपर्दछ ।
<table>
<tr><th>भौ. नं. /मिति</th><th>निमार्ण ब्यबसायिको नाम</th><th>बिल नं मिति</th><th>मुल्य अभिबृद रकम रु.</th></tr>
<tr><td>९/०७६/२/१९</td><td>राजनिमार्ण सेव कैलाली</td><td>०३/०७६/३/१८</td><td>१०३८१०.००</td></tr>
<tr><td>१०/०७६/२/२६</td><td>डायमण्ड सप्लार्यस कैलाली</td><td>५/०७६/२/२७</td><td>१२७१७३.००</td></tr>
</table></td><td>९६५५२४.००</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| ११/०७६/२/२६ | रसुन निमार्ण सेवा कैलाली | १/०७६/२/२४ | ३२१५०९.०० |
| १२/०७६/२/२८ | निराजन कन्ट्क्सन टीकापुर | १३/०७६/२/२८ | ८४०३२.०० |
| १३/०७६/२/२८ | जय प्रमुख निमार्ण सेवा | १/०७६/२/१ | १०३८१०.०० |
| १४/०७६/२/३१ | निराजन कन्ट्क्सन टीकापुर | १९/०७६/२/३० | ४१५७८.०० |
| १६/०७६/३/९ | प्रेम निमार्ण सेवा कालीकोट | ०६५/०७६/३/९ | ७७२९७.०० |
| १७/०७६/३/१० | रसुन ट्रेड ऐण्ड सप्लार्यस | ०२/०७६/३१८ | १०६३१५.०० |
| जम्मा | | | ९६५५२४.०० |

३९. **बीमा नगराएको :-** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११२ मा कार्यालयले कुनै निमार्ण ब्यबसायीबाट १० लाख भन्दा बढिको निमार्ण कार्य गराउँदा सम्झौतामा ब्यबसायीले प्रयोग हुने मेशिन,औजार ,उपकरण, कामदार आदीको बीमा गर्नुपर्ने गरी सम्झौतामा उल्लेख गर्नुपर्ने ब्यबस्था छ । कार्यालयले देहायका सम्झौतामा बीमाको ब्यबस्था उल्लेख गरेको छैन । ब्यबसायीले पनि कानूनको पालना गरी बीमा गराएको देखिएन । कानूनको पालना गरी बीमा ब्यबस्था लागू गर्नुपर्दछ ।

| निमार्ण कार्यको नाम | सम्झैता रकम मुल्य अभिबृदि सहित |
|---|---|
| शान्ती पार्क निमार्ण कार्य | १४९५१७०.०० |
| सेतीमैया मा.वि. भवन निमार्ण कार्य | १४९०४८५.०० |
| राष्ट्रिय मा.वि.मनिकापुर ५ भवन निमार्ण कार्य | १४८३७८२.०० |
| मल्लीका बिद्यापीठ भवन निमार्ण | ११४७९३७.०० |
| बिरेन्द्र विद्या मन्दिर भवन निमार्ण | २४६३९८३.०० |
| हिमालयन मा.वि भवन निमार्ण | ४९५४०४५.०० |

**सामाजिक सूरक्षा तर्फः -ब.शि.नं.(३६५८१५३)**

४०. **जेष्ठ नागरीक दीर्घ सेवा सम्मान कार्यकम :-** यस बजेट उप शिर्षकमा बजेट रु.१०,९३,५०,०००।- निकासा र खर्च रु.१०,९३,५०,०००।- भएको छ । मिति २०७६आषाढ मसान्त सम्म बिभिन्न बैकहरुलाई गएको पेश्की रु.१०,९३,५०,०००।- भौ नं ...मिति २०७६।६।१२ मा फर्छयौट गर्दा वितरण गरी बाँकी रकम रु.६६,०८,०४०।- मिति २०७६।६।७ मा १५११२ बेरुजू खातामा दाखिला गरेको प्रमाण पेश भएको छ ।

४१. **भत्ता ढिलो भुक्तानी :-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को नं १६ मा सामाजिक सुरक्षा भत्ता निजको व्यक्तिगत नाममा खोलिएको बैंक खातामा पहिलो किस्ता असोजको १ गतेबाट दोस्रो  हप्ता भित्र, दोस्रो किस्ता माघ १ गतेबाट

<table>
<tr><td></td><td></td><td>दोस्रो हप्ता भित्र  र तेस्रो किस्ता जेष्ठ १ गतेबाट दोस्रो हप्ता भित्र निकासा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सो समयमा निकासा नदिईदेहाय अनुसार ढिलो पेश्की पठाएको देखिएकोले कानूनले तोकेको समायमा पठाउनु पर्दछ ।
<table>
<tr><td>किस्ता</td><td>भौ नं र मिति</td><td>रकम</td></tr>
<tr><td>प्रथम चौमासीक किस्ता पेश्की पठाएको</td><td>२।२०७५।७।१२</td><td>३९३४५६००.००</td></tr>
<tr><td>दोस्रो  चौमासीक किस्ता पेश्की पठाएको</td><td>९।२०७५।१२।२८</td><td>३५४१८०००.००</td></tr>
<tr><td>तेस्रो  चौमासीक किस्ता पेश्की पठाएको</td><td>१२।०७६।३।११</td><td>३४७५१८००.००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१०९५१५४००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४२.</td><td></td><td>मृत्यु भएका नागरीकलाई भत्ता भुक्तानी :- आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) अनुसार खर्च गर्दा बिल भरपाई सहित लेखा राखी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहाय अनुसार मृत्यु भएका नागरीकहरुलाई भत्ता वितरणको लागि बैकमा पठाएको देखिएकोले सो रकम असूल गर्नुपर्दछ ।</td><td>६०००.००</td></tr>
<tr><td></td><td></td><td><table>
<tr><td>विबरण</td><td>मृत्यु मिति</td><td>पाउने रकम</td><td>भुक्तानी रकम</td><td>बढि रकम</td></tr>
<tr><td>वडा न ९का जेष्ठ नागरीक लक्ष्मी देबी बोहरा बर्ष ७९</td><td>०७५/५१/१८</td><td>४०००.००</td><td>८०००.००</td><td>४०००.००</td></tr>
<tr><td>वडा नं ५का जेष्ठ नगारीक उदय बहादुर बोहरा बर्ष ९७</td><td>०७५/६/२०</td><td>६०००.००</td><td>८०००.००</td><td>२०००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४३.</td><td></td><td>बैक मौज्दात :- आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) वील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले जेष्ठ नागरीक भत्ता वितरण गर्न सेन्चुरी बैक कैलाली लाई दिएको पेश्की मध्ये वितरण र फिर्ता गरी बाँकी मौज्दात रु २,०००।- देखिएकोले फिर्ता  प्राप्त गरी सघीय राजस्व दाखिला गर्नुपर्दछ ।</td><td>२०००.००</td></tr>
<tr><td></td><td></td><td><u>स्वास्थ्य तर्फः</u></td><td></td></tr>
<tr><td>४४.</td><td></td><td>अस्पताललाई अख्तियारी प्रदान :- स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७३ मा नगर सभाबाट बजेट पास भएको ७ दिन भित्र नगर सभाले प्रमुख प्रसाशकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिने ब्यबस्था छ । प्रमुख प्रशासकिय अधिकृतले अन्य कार्यालयलाई खर्च गर्न अख्तियारी दिन सकिने ब्यबस्था रहेको देखिदैन । कार्यालयले संघीय सरकारबाट शर्सत अनुदान स्वास्थ्य तर्फ खर्च गर्न दिएको रकम मध्ये रु ४,२२,९२,२००।- प्रदेश अर्न्तगतको कार्यालय टीकापुर अस्पताललाई खर्च गर्न अख्तियारी प्रदान गरेको देखियो । उक्त रकम मध्ये रु ५२,५१,२०५।- खर्च नभई फिर्ता भएकोले संघ सरकारको खातामा फिर्ता गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>४५.</td><td>१३२/०७६/२/२४</td><td>लेखा राख्नुपर्ने :- सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक कार्यविधि २०७५ वमोजिम वील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले सामुदायिक</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | सिकाइ केन्द्र टीकापुर र नारायणपुर लाई रु.२,००,०००।- दरले रु.४,००,०००।- अनुदान निकासा गरेकोमा खर्चको बिल भरपाई प्राप्त भएको छैन । उक्त केन्द्रले २०७५।७६ को लेखापरीक्षण गराएको प्रमाण पेश हुनु पर्दछ । | ४०००००.०० |
| | | **प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फः** | |
| ४६. | | प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनका लागि रु.७७,४७,५५१।- वजेटको व्यवस्था भएकोमा रु.६९,७४,३६७- खर्च भएको दखिन्छ । विभिन्न कार्यक्रम संचालन गर्न मिति २०७६।३।२६ मा अर्थात आषाढको अन्त्यमा पेश्की रु.७१,६५,५११।- दिई रु.७,५९,१९७- नगद फिर्ता दाखिला गरेको र वाँकी रु.६४,०६३५४।- मिति २०७६।३।३१ मा फछ्र्यौटको लागि खर्चको विल भर्पाई तथा फाँटवारी पेश भई फछ्र्यौट गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन । | |
| ४६.१ | | कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि २०७६ सि.नं. १० मा रोजगार आयोजना पूर्व सम्वन्धित स्थानीय तहवाट प्राविधिक कर्मचारी खटाई आयोजनाको प्राविधिक डिजाइन, स्टीमेट तथा प्रतिवेदन तयार गरी उक्त प्रतिवेदनका आधारमा अनुसूची १ वमोजिम लागत फाराम भरी पठाउने व्यवस्था वमोजिम नगरपालिकाहरुका वडाहरुले योजनाहरु छनौट गरी त्यसको लागत अनुमान अभिलेख राखेको देखिएन । कार्यविधिको सि.नं. १६ २(१) मा वजेट उपलब्ध गराउदा गरिव घरधुरी, जनसंख्या र दुर्गमताको अंक भार का आधारमा प्रत्येक वडामा वजेट विनियोजन गर्नुपर्नेमा सो गरेको छैन । कार्यविधि वमोजिम कार्य योजना तयार गरेको छैन । आयोजनाको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन स्थानिय तहले तोकेको प्राविधिक कर्मचारीले गर्नुपर्नेमा अनुगमन मूल्यांकन गरी प्रतिवेदन गरेको पाईएन । कार्यविधि वमोजिम प्राविधिक कर्मचारीले उपलव्ध गराएको कार्यप्रगतिको आधारमा भुक्तानी दिनुपर्नेमा प्राविधिक वाट सो कार्यको नापजाँच कार्यसम्पन्न प्रतिवेदन तयार नगरी गरेको खर्चलाई नियमित गर्नुपर्दछ । | ६४०६३५४.०० |
| | | **आम्दानी तर्फ** | |
| ४७. | | **नदीजन्य पदार्थ :-** नगरपालिकाले नगर क्षेत्र भित्र भएर वग्ने, IEE गरेका र घाटगद्दी तोकिएका नदी खोलाहरुवाट ढुङ्गा, गिट्टी, वालुवा, भरान,ग्राभेल (नदीजन्य पदार्थ) आदी प्राकृतिक एवं खानीजन्य वस्तुमा प्राकृतिक श्रोत कर संकलन गर्ने कार्यको लागि निराजन कन्सट्रकसन संग रु.७५,००,०००।- मा ठेक्का सम्झौता गरेको छ । सो ठेक्कामा देखिएका व्यहोरा देहाय वमोजिम छन । | |
| ४७.१ | | कार्यालयले गरेको सम्झौता वमोजिम रु.७५,००,०००।- वुझाउनुपर्नेमा रु.४५,९०,०००।- मात्र वुझाएको वाँकी रु.२९,१०,०००।- वुझाउन वाँकी रहेकोले सो रकम असूल गरी विभाज्य कोषमा दाखिला गर्नुपर्दछ । | २९१००००.०० |

| | | | |
|---|---|---|---|
| ४७.२ | | सम्झौताको वुदा नं. ४ वमोजिम सम्झौता रकममा १३% मू.अ. कर थप गरी हुने रकम वुझाउनु पर्नेमा सो मू.अ.कर थप गरी वुझाएको नदेखिएकोले सम्झौता रकम रु.७५,००,०००।- का १३% हुने मू.अ.कर रु.९,७५,०००।- आन्तरिक राजश्व दाखिला गर्नुपदृछ । | ९७५०००.०० |
| ४७.३ | | ठेकेदारले कार्यालयवाट प्रमाणित नगदी रसिद मात्र प्रयोग गर्नुपर्ने, प्रयोग भएका नगदी रसिद फिर्ता गर्नुपर्नेमा प्रमाणित रसिद लगेको तथा फिर्ता गरेको देखिएन । | |
| ४७.४ | | ठेकेदारले IEE गरेको क्षेत्र भित्र, तोकिएको घाटगद्दीवाट तोकिएको परिमाणमा मात्र संकलन गरेको छ भन्ने अनुगमन गर्ने विधि प्रक्रिया तयार गरी सो को विश्वसनिय आधार कार्यालयले तय गरेको छैन । अनुगमन प्रतिवेदन प्राप्त गरेको छैन । सम्झौतामा उल्लेख गरिएका विषय ठेकेदारले पालना गरे नगरेको विषयमा नगरपालिकाले अनुगमन गरेको देखिएन । | |
| ४७.५ | | नगरपालिकाले सम्झौता गर्दा कवोल अंक वरावरको वैंक ग्यारेन्टी लिएर मात्र सम्झौता गर्नुपर्नेमा वैंक ग्यारेन्टी नलिई सम्झौता गरेको छ । जसले गर्दा सम्झौता रकम नवुझाएको अवस्थामा पनि नगरपालिकाले उठ्न वाँकी रकम प्राप्त गर्न सकिरहेको छैन । | |
| ४८. | | **विभाज्य कोष :-** नगरपालिकाले विभाज्य कोषको आय व्यय विवरण तयार गरेको छैन । यो वर्ष विभाज्य कोषमा जम्मा भएको रकम रु.४५,९०,०००।- मध्ये प्रदेश आर्थिक ऐन २०७५ को दफा ५,६ वमोजिम विभाज्य कोषको ४०% प्रदेश संचित कोषमा र ६०% स्थानीय संचित कोषमा जम्मा गर्नुपर्नेमा दुवै कोषमा नपठाई विभाज्य कोषमा रहिरहेकोले उपर्युक्त ऐन वमोजिम वाँडफाँड गरी सम्बन्धित संचित कोषमा दाखिला गर्नुपर्दछ । | ४५९००००.०० |
| ४९. | | **सटर भाडा :-** नगरपालिकाको अभिलेख वमोजिम ५२ वटा सटर/कवल हरु नगरपालिकाले भाडामा लगाएको छ । आर्थिक वर्ष २०७५।७६ मा उक्त कवलहरुवाट रु.२५,२१,३९८।- भाडा प्राप्त हुनुपर्नेमा कुनै पनि रकम प्राप्त भएको छैन । सम्झौतामा उल्लेख भए वमोजिम समयमानै भाडा प्राप्त गर्ने र समयमा भाडा नवुझाउने उपर नियमानुसार व्याज लगाई भाडा रकम असूल गर्नुपर्दछ । | २५२१३९८.०० |
| ४९.१ | | उक्त ५२ कवलहरुको भाडा रकममा १०% वहाल कर लगाई असूल नभएकोले वहाल कर रु.२,५२,१३९।- सम्बन्धित कवलवाट असूल गरी दाखिला गर्नुपर्दछ । | २५२१३९.०० |
| ५०. | | **रसिद नियन्त्रण खाता :-** नगरपालिकाले नगदी रसिद प्रयोग हुने क्षेत्रहरुमा गएको सवै नगदी रसिदहरुको विवरण देखिने गरी रसिद नियन्त्रण खाता राख्नुपर्दछ । प्राप्त राजश्व रकम दैनिक रुपमा वा प्राप्त भएको भोलीपल्ट बैंक जम्मा गरे नगरेको अनुगमन गरी जम्मा हुने वातावरण तयार हुनुपर्दछ । | |

| | | | |
|---|---|---|---|
| | | **आन्तरिक लेखापरीक्षण सम्वन्धमा :**- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ मा आन्तरिक लेखापरीक्षण वाट औल्याइएका कैफियत अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्नेछ भन्ने व्यवस्था भएता पनि सो नगरेकोले आन्तरिक लेखापरीक्षण वाट कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन । अन्य सैद्धान्तिक व्यहोरा आन्तरिक लेखापरीक्षण प्रतिवेदनको लगत राखी फछ्र्यौट गर्नुपर्दछ । | |
| १. | ७९/०७५/११/३० | ज्ञानेन्द्र वहादुर शाह लाई लागत अनुमान, नापी किताव, ठेक्का विल तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ । | ४०५००.०० |
| २. | ४३५/२७६/३/३२ | मुखिया श्री लक्ष्मी नारायण श्रेष्ठलाई नल्का खरीद वापत रु.३०,५९९।- भुक्तानी गरेकोमा वितरण तथा जडानको भर्पाई पेश गर्नुपर्दछ । | ३०५९९.०० |
| ३. | ३७३/०७६/१०/१९ | कार्यालय सञ्चालन खर्च वापत रु.७,४००।- खर्च लेखेकोमा विल तथा कागजात संलग्न गर्नुपर्दछ । | ७४००.०० |
| ४. | ४०/०७६/९/१६ | योगा कक्षा संचालन वापत कविराज अशोक कुमार मिश्रलाई कार्य प्रतिवेदन पेश गर्नुपर्दछ । | ३६०००.०० |
| ५. | १२९/०७६/२/२३ | पदमा प्रा.वि. का शिक्षक श्री घिया जन्म राज जैसीलाई १ दिनको तलव वढी भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्दछ । | १०८५.२१ |
| ६. | १/०७६/५/१४ | वाढी पिडितहरुलाई राहत वितरण स्वरुप १३२ जनालाई जनही रु.२५,०००।- का दरले ३३,००,०००।- वितरणका लागि कञ्चन डेभलपमेन्ट वैङ्कमा खाता खोल्ने भनी पत्राचार गरेकोमा पिडितहरुको नामको वैङ्क खातामा रकम जम्मा भएको प्रतिवेदन नभएको । | |

## नगरपालिकाको सञ्चित कोष विवरण

**अनुसूची १**

**२०७५।७६**

(रु.हजारमा)

| क्रं.स | स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजीँगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५(२+३+४) | ६ | ७ | ८ | ९(६+७+८) | १०(१+५-९) |
| १ | टिकापूर नगरपालिका | कैलाली | ७३०७३ | १९५९११ | ५२६७७७ | ५४७५५ | ७७७४४३ | ५१५७५१ | १८४१३२ | १२८८३ | ७१२७६६ | १३७७५० |

**अनुसूची २**

## बेरुजू वर्गीकरण (विनियोजन,राजस्व,धरौटी र अन्य कारोवार)

**२०७५।७६**

रु.हजारमा)

| कस | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा स)ख्या | | | दफा स)ख्या | | | दफा स)ख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी पेश्की | अन्य पेश्की | जम्मा |
| १ | टिकापूर नगरपालिका | ३३ | १८ | ३०५१७ | ० | ० | ० | ३३ | १८ | ३०५१७ | २८६६ | १५५३४ | ११९६८ | ० | ० | २७५०२ | ० | १४९ | १४९ |

**अनुसूची ३**

## अद्यावधिक वेरुजू स्थिति

**२०७५।७६**

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | टिकापूर नगरपालिका | कैलाली | ८६५६६ | ० | ८६५६६ | ० | ३०५१७ | ११७०८३ |